# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्याः

मितिः २०७५।१२।१२

श्री प्रमुखज्यू,
घिरिङ गाउँपालिका,
तनहुँ ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट घिरिङ गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी -** आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी -** प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्‍वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार -** कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.९० लाख १ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.९२ हजार, नियमित गर्नुपर्ने रु.३५ लाख १२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१९ लाख ६५ हजार र पेश्की रु.३४ लाख ३२ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।९।१२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजातका आधारमा बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना ११ (एघार) यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय -** कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# घिरिङ गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७४/७५

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न यस गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो गाउँपालिका अर्न्तगत ५ वडा रहेको, १२६ व.कि.मी. क्षेत्रफल र १९३१८ जनसंख्या रहेको यो गाउँपालिका गण्डकी प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचितकोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता  र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाव सहितको आर्थिक वर्ष २०७४।०७५ को संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | गत वर्षको जिम्मेवारी | **१,७८,८८,९१४/४** | १ | **चालु खर्च** | **१३,४०,६१,९२४/१** |
| क | नगद मौज्दात | ७३,७६८/- | २ | **पुजीगत खर्च** | **९,८४,८२,२१३/-** |
| ख | बैंक मौज्दात | १,७८,१५,१४६/४३ | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | |
| २ | राजश्व (आन्तरिक आय) | **२६,९२,६३३/-** | क | ऋण भुक्तानी | |
| क | आन्तरिक राजश्व | २६,९२,६३३/- | ख | व्याज भुक्तानी | |
| ख | राजश्व बाँडफाँड | | ग | फिर्ता खर्च | **८७,५०,१५९/७५** |
| ग | अन्य आय | | ४ | **लगानी** | |
| **३** | **वित्तीय हस्तान्तरण** | **२४,२१,७८,०००/-** | क | ऋण लगानी | |
| **क** | वित्तीय समानिकरण अनुदान | १५,४६,९९,०००/- | ख | शेयर लगानी | |
| **ख** | सशर्त अनुदान | ८,७४,७९,०००/- | ग | अन्य लगानी | |
| **४** | सामाजिक सुरक्षा भत्ता चालु | **३,६५,७८,०००/-** | **५** | **धरौटी फिर्ता** | ६,९२,०००/- |
| **५** | गरिवसंग विश्वेश्वर कार्यक्रम | **४,२९,०००/-** | **६** | **कोष खर्च** | |
| **६** | स्थानीय शासन कार्यक्रम | **१०,६०,०००/-** | **७** | **मौज्दात** | **७,५८,१३,०९३/६३** |
| **७** | जि.स.स.बाट प्राप्त | **१३,१८,९९६/-** | क | नगद मौज्दात | ४,८४,००३/- |
| **८** | पश्चिम नेपाल ग्रामीण खानेपानी | **१,३९,९४,९०८/-** | ख | बैक मौज्दात | ७,४५,७५,९५१/६३ |
| **९** | सामाजिक सुरक्षा भत्ता बैंकबाट फिर्ता | **२,१३,८००/-** | ग | धरौटी रकम बैक मौज्दात | ७,५३,१३९/- |
| **१०** | धरौटी आय | **१४,४५,१३९/-** | | | |
| | **जम्मा रु** | **३१,७७,९९,३९०/४३** | | **जम्मा रु** | **३१,७७,९९,३९०/४३** |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
| --- | --- | --- |
| १. | **नगद मौज्दात :** गाउँपालिकाले यस वर्ष गरेको आन्तरिक आम्दानी रु. २६,९२,६३३/- मध्ये रु.४,८४,००३/- नगद मौज्दात रहेको देखिन्छ। उक्त रकम सञ्चित कोष दाखिला हुनुपर्ने रु. | ४,८४,००३/- |
| २. | **खर्च गर्ने अख्तियारी र कार्यविधि:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ। यस गाउँपालिकाको अध्यक्षबाट प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी दिएको पाइएन। गाउँपालिकाले कार्यक्रम स्वीकृत गर्ने र अख्तियारी प्रदान गर्ने सम्वन्धमा उक्त व्यवस्थाको पालना गर्नुपर्ने देखिएको छ। | |
| ३. | **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली परीक्षण गर्दा निम्नानुसार रहेको पाइयो।<br><br>क) सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ सबैले देख्ने ठाउँमा कार्यालयले दिने सेवा र त्यसको प्रकृति, सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नु पर्ने कार्यविधि, सेवा प्रदान गर्ने पदाधिकारी र निजको कार्यकक्षको विवरण, सेवा प्रदान गर्न लाग्ने समयावधि र सेवा प्राप्त गर्न कुनै दस्तुर तथा अन्य रकम लाग्ने भए सोको विवरण खुलाई नागरिक बडापत्र राखी सो वमोजिम सेवा प्रदान गर्नु पर्दछ।<br><br>(ख) सेवा प्रवाहलाई प्रभावकारी बनाउन कर्मचारीहरुको कार्य विवरण तयार पारी लागू गरेको पाइएन। अतः ऐन बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ। | |
| ४. | **श्रोत अनुमान तथा वजेट सिमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरण, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकीकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा उक्त व्यवस्थाको प्रभावकारी कार्यान्वयन भएको देखिएन। श्रोत अनुमान र बजेट सीमा निर्धारणका लागि बजेट सीमा निर्धारण समितिले प्रभावकारीरुपमा कार्य सम्पादन गर्नु पर्दछ। | |
| ५. | **लक्ष्य प्रगतिको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ। यस गाउँ पालिकाले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनाहरुको उपर्युक्त नियमको अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण पेश गरेको देखिएन। नियममा भएको व्यवस्था बमोजिम सञ्चालित आयोजनाहरुको समेत प्रगती देखिने गरी चौमासिक तथा वार्षिक प्रगती विवरण तयार पार्नु पर्दछ। | |
| ६. | **वार्षिक खरिद योजना/ गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरु योजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था छ। यस गाउँपालिकाले वित्तीय समानीकरण लगायत बिभिन्न शीर्षकबाट यो वर्ष रु.९,८४,८२,२१३/- को पूँजीगत खर्च/खरिद कार्य गरेको छ। तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको छ। अतः यस गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/ गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ। | |
| ७. | **स्थानीय तथ्यांक र अभिलेख** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले स्थानीय तथ्याङ्क सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन। स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडी वढाउन आवश्यक छ। तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाउँपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ। | |

८. **कानून निर्माण :** नेपालको संविधान धारा २८८ को उपधारा (२) बमोजिम कानून बनाउने व्यवस्था छ। घिरिङ गाउँपालिकाको गाउँ सभाले आर्थिक वर्ष २०७४।७५ मा वार्षिक बजेट स्वीकृतीसँगै आर्थिक ऐन, विनियोजन ऐन, विपद व्यवस्थापन ऐन वाहेक अन्य कुनै कानून बनाएको देखिएन।

९. **चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले यस वर्ष गरेको कुल पँजीगत खर्च रु.९८४८२ हजार मध्ये प्रथम चौमासिकमा ३ प्रतिशत, दोश्रो चौमासिकमा १३ प्रतिशत र तेश्रो चौमासिकमा ८४ प्रतिशत खर्च गरेको देखिएको छ। तेस्रो चौमासिकमा भएको खर्च मध्ये आषाढ महिनामा मात्रै ४५ प्रतिशत खर्च भएको छ। कार्यालयले आर्थिक बर्षको अन्त्यमा बढी भार पर्ने गरी खर्च गरेको पाइयो। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा तोकिएको लक्षित कार्य सोही अनुरुप सम्पन्न गर्नेतर्फ गाउँपालिकाको ध्यान जानु पर्दछ।

| क्र.सं. | बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १. | वित्तीय समानिकरण | ७९३५३ | ० | ४१६८ | ७५१८५ | ४३४४४ |
| २. | जि.स.स.बाट हस्तान्तरित योजना (आन्तरिक) | १०८५ | ३७ | ३०० | ७४८ | ३३६ |
| ३. | संघीय पूनर्सरचना कार्यक्रम (आन्तरिक) | ४७५६ | १५०५ | २२७२ | ९७८ | ० |
| ४. | पश्चिम नेपाल ग्रामीण खानेपानी कार्यक्रम | १००५८ | ० | ५०५० | ५००८ | ० |
| ५. | स्थानीय शासन कार्यक्रम | ६०० | ० | ६०० | ० | १७ |
| ६. | साविक गा.वि.स.विद्यूतीकरण | २४२५ | १८६१ | ५६४ | ० | ० |
| | आन्तरिकतर्फ | २०५ | ० | ६० | १४५ | ४८ |
| **जम्मा** | | **९८४८२** | **३४०३** | **१३०१४** | **८२०६४** | **४३८४५** |
| **खर्च प्रतिशत** | | | **३** | **१३** | **८४** | **४५** |

१०. **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति रु व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। गाउँपाालिकामा १७ जना कर्मचारीको दरबन्दी रहेकोमा हाल संघिय सरकारबाट काज सरुवा भै आएका २ जना, साविक स्थानीय निकायमा कार्यरत २ जना, आन्तरिक पदपुर्ति २ जना गरी जम्मा ६ जना कार्यरत रहेको र ११ पद रिक्त रहेको देखियो। स्वीकृत दरबन्दीमा कर्मचारी पदपुर्ति गर्ने र अनावश्यक पद भए खारेज गरी कार्यालयको संगठन संरचना दुरुस्त पारी सेवा प्रवाहलाई उच्च प्राथमिकता दिनु पर्ने देखिन्छ।

११. **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निःशुल्क रुपमा उपलव्ध गराई सवै गाउँपालिकाले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ। यस गाउँपालिकाले आर्थिक वर्ष २०७४/७५ सम्म उक्त सफ्टवयेरको प्रयोग गरेको देखिएन। स्थानीय तहको लेखाप्रणालीलाई बैज्ञानिक र व्यवस्थित गर्नका लागि लागू गरिएको उक्त सफ्टवयेर प्रयोग गरी आर्थिक कारोवारको लेखा राख्ने तथा वित्तिय विवरण तयार पर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ।

१२. **राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। गाउँपालिकाका वडाहरुले राजस्व असुली र दाखिलाको अभिलेख राख्ने गरेको भए पनि व्यस्थित ढंगले अभिलेख अद्यावधिक गर्ने गरेको छैन। वडा कार्यालयहरुमा राजस्व श्रेस्ता व्यस्थित गराउने तर्फ गाउँपालिकाको ध्यान जानु पर्दछ।

१३. **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन गर्नुपर्नेमा यस गुरु योजना निर्माण कार्य भएको नदेखिएको हुंदा ऐनले तोके बमोजिम गाउँपालिकाले एकिकृत गुरु योजना निर्माण गर्नुपर्ने देखिन्छ।

| | | |
|---|---|---|
| १४. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । गाउँपालिकाले आफ्नो गाउँपालिका भित्र रहेका स्वास्थ्य शाखा, कृषि शाखा तथा पशु शाखा लगायतको लागि खरिद भएका खर्च नहुने जिन्सी सामानहरु पनि गाउँपालिकाको जिन्सी सम्पतीको मुल अभिलेखमा आम्दानी जनाई शाखागत रुपमा सहायक लेजर राखी अभिलेख राख्नुपर्नेमा सो बमोजिम भए गरेको नपाईएकोले गाउँपालिका भित्र रहेका सम्पूर्ण बिषयगत शाखा र वडाकार्यालयहरु समेतमा रहेका जिन्सी सम्पत्तीहरुको अध्याबधिक अभिलेखीकरण गरि सम्पत्तीको संरक्षण गर्नुपर्ने देखिन्छ । साथै यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| १५. | **सम्पत्तिको अभिलेख :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(५) मा सार्वजनिक निकायले भौतिक सम्पत्तिको अभिलेख राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले जिन्सी सामग्रीको अभिलेख राखेको भएता पनि आफ्नो कार्यक्षेत्र भित्र पर्ने सडक, पुल, कल्भर्ट, नाली, रेलिङ्ग आदीको नाप समेत खुल्ने गरी अभिलेख तयार गरेको छैन । नियममा व्यवस्था भए बमोजिम गाउँपालिकाले सार्वजनिक सम्पत्तिको अभिलेख राख्नु पर्दछ । | |
| १६. | **उपभोक्ता समिति छनौट -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समूदायले व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा संझौता बाहेक संझौता पूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनु पर्दछ । | |
| १७. | **उपभोक्ता समिति -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता जुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी गर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण हुने तथा खर्च सार्वजनिक गर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । | |
| १८. | **योजना र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । सो अनुसार दिर्घकालिन प्रकृतिका आयोजनाहरुको सूचि तयार गरेको पाईएन । योजना तयारी संबन्धी उक्त व्यवस्थाको पालना गरिनु पर्दछ । | |
| १९. | **खर्च अनुमोदन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, विल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट संचालित आयोजनाहरु उपभोक्ता समिति मार्फत संचालन भएका र विल भुक्तानीको लागि प्राविधिक मूल्यांकन पेश गर्ने गरेको भएतापनि अन्य विल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु तथा समितिवाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण पेश गर्ने गरेको छैन । नियमको प्रावधान बमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी बनाउने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ । | |

| | | |
|---|---|---|
| २०. | **आयोजना हस्तान्तरण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) मा उपनियम (११) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट संचालित आयोजनाहरु मध्ये उपभोक्ता समिति मार्फत संचालन भएका आयोजनाहरु सम्पन्न भैसके पश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत बर्ष देखि संचालन गरिएका कुनै पनि योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवार समेतको हस्तान्तरण गर्ने गरेको छैन । समयमानै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समितिमै रहने गरी हस्तान्तरण गर्ने कार्यमा सम्बन्धित निकायको ध्यान जानुपर्दछ । | |
| २१. | **सार्वजनिक तथा सामाजिक परिक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । योजनागत उपभोक्ता समिति भित्र सार्वजनिक सुनुवाई गरेको देखिएता पनि गाउँपालिकाबाट सेवा प्रबाह सम्बन्धमा सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण भए गरेको पाईएन । | |
| २२. | **भ्रमण प्रतिवेदन** : भ्रमण खर्च नियमावली, २०६४ को नियम १८(१) बमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भ्रमण भत्ताको लागी भ्रमण खर्चको विलभरी भ्रमण प्रतिवेदनको साथ आवश्यक विल भरपाई सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयका कर्मचारीहरु आयोजनाहरुको स्थलगत निरीक्षण गर्दा स्थलगत रुपमा पहिचान भएका समस्या, समाधानका लागि गरिनु पर्ने सुधार सहितको प्रतिवेदन लिई सुचारु रुपले आयोजना संचालन गर्ने व्यवस्था सुनिश्चित गर्नुपर्नेमा भ्रमण विल मात्र भरी पेश गर्ने र भ्रमण प्रतिवेदन पेश नगर्ने गर्दा उक्त कर्मचारी अनुगमन निरीक्षण भ्रमणमा गएको प्रमाण समेत पेश नहुने भएकोले भ्रमण प्रतिवेदन पेश गरे पछि मात्र भुक्तानी गर्ने एवं भ्रमण प्रतिवेदनमा उल्लेखित महत्वपूर्ण सुझावहरुको कार्यान्बयन समेत हुनुपर्दछ । | |
| २३. | **भ्रमण अभिलेख :** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ बमोजिम भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची ६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नु पर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था समेत गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले भ्रमणमा खटिने कर्मचारीहरुको भ्रमण अभिलेख राख्ने गरेको देखिएन । यसले गर्दा भ्रमण गर्ने कार्यलाई व्यवस्थित ढंगले नियन्त्रण गर्न सक्ने गरी आन्तरिक नियन्त्रण प्रणाली विकास भएको देखिएन । नियममा भएको व्यवस्था बमोजिम भ्रमणमा खटिने कर्मचारीहरुको अभिलेख राखी भ्रमण कार्यलाई व्यवस्थित बनाउने तर्फ गाउँपालिकाको ध्यान जानु पर्दछ । | |
| २४. | **गुणस्तर परिक्षण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयबाट खरिद गरिएका मेशिनरी औजार र सवारी साधनको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको छैन । अतः यस्ता सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनु पर्दछ । | |
| २५. | **न्याय सम्पादन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९(२) मा न्यायिक समितिले आफू समक्ष पेशभएको विवादको निवेदनको कारवाही र किनारा गर्दा सम्भव भएसम्म मेलमिलाप गर्न प्रोत्साहित गरी दुवै पक्षको सहमतिमा मिलापत्र गराउनु पर्ने र पक्षहरुबीच मिलापत्र हुन नसकेमा कानून बमोजिम विवादको कारवाही र किराना गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकामा आर्थिक वर्ष २०७४/७५ मा कुनै मुद्दा दर्ता भएको देखिएन । | |
| २६. | **कन्टिन्जेन्सी खर्चको अभिलेख–** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने र खर्च गर्दा पुँजिगत प्रकृतिको २ प्रतिशत र अन्य साना तिना खर्च ३ प्रतिशत भन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था नेपाल सरकार अर्थमन्त्रालयको मिति २०७०।१।१५ को निर्णयले गरेको छ । कार्यालयवाट योजना कार्यान्बयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चवाट ३ प्रतिशत कट्टागर्ने गरेको देखिएता पनि सोको कार्यक्रमगत कन्टेन्जेन्सी खर्च खाता खडा गरी राखेको देखिएन । यस वर्ष कार्यालयले रु.८,९१,४०५/- कन्टिन्जेन्सी खर्च गरेको छ । कन्टिन्जेन्सी खर्चको योजनागत खाता तयार पारी तोकिएको सीमाभित्र खर्च गर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वियन हुनु पर्दछ । | |

२७. **आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्ने नियमित गराई वा प्रमाण पेश गर्नुपर्ने, प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्ने असुल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ। यस गाउँपालीकाले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण गराएको छ। आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका बेरुजु अन्तिम लेखापरीक्षण अवधि सम्म पनि कट्टा गरेको देखिएन। नियममा भएको व्यवस्था बमोजिम अन्तिम लेखापरीक्षण हुनु अगावै आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका बेरुजु कट्टा गर्नु पर्ने कार्यालयको ध्यान जानु पर्दछ।

२८. **सवारी साधन खरिद -** अर्थ मन्त्रालयको स्थानीय तहमा वजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ती हस्तान्तरण सम्बन्धि निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराईएको बजेट तथा श्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ। यो वर्ष गाउँपालिकाले भौ.नं. २४ मिति २०७४/१२/६ बाट बोलेरो जिप १ खरिद गरेको रु.३५,१२,०००/- भुक्तानी गरेकोमा अर्थ मन्त्रालयको सहमती लिएको देखिएन। निर्देशिका विपरित सवारी साधन खरिद वापतको रकम नियम सम्मत नदेखिएको रु.

३५,१२,०००/-

२९. **सशर्त अनुदान** : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४/७५ च.नं.१०६४ मिति २०७५/३/३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु पंक्षी मन्त्रालय लगायतबाट प्राप्त भएको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाले शसर्त अनुदान वापत प्राप्त कुल रकम रु.८,७४,७९,०००/- मध्ये रु.८,३३,०२,७७०/२५ निकासा/खर्च भै रु.४१,७६,२२९/७५ बजेट बाँकी रहेको देखिन्छ।

| क्र.सं. | अनुदानको किसिम | जम्मा अनुदान | खर्च | बाँकी |
|---|---|---|---|---|
| १. | शिक्षा | ७,६७,४९,०००/- | ७,४३,९७,८६८/२५ | २३,५१,१३१/७५ |
| २. | स्वास्थ्य | ९७,४३,०००/- | ८२,६०,५०४/- | १४,८२,४९६/- |
| ३. | कृषि | २,९७,०००/- | ४३,९७८/- | २,५३,०२२/- |
| ४. | पशु | ६,९०,०००/- | ६,००,४२०/- | ८९,५८०/- |
| | **जम्मा** | **८,७४,७९,०००/-** | **८,३३,०२,७७०/२५** | **४१,७६,२२९/७५** |

३०. **सामाजिक सुरक्षा :** संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पंस. ०७४।०७५, चं नं. १०६४ मिति ०७५।३।३१ पत्रानुसार शसर्त अनुदानको रकम मध्ये खर्च नभई वाँकी रहेमा संघिय संचितकोमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा नेपाल सरकारवाट रकम खर्च नभई वाँकी रहेमा फ्रिज गर्ने प्रयोजनका लागि सम्वन्धित निकायमा फिर्ता पठाउनुपर्ने उल्लेख छ। गाउँपालिकाको कार्यालयले यो वर्ष सामाजिक सुरक्षा अन्तर्गत प्रथम किस्तामा १,०९,४४,४००।०० ,दोश्रो किस्तामा १,१३,४२,६००।०० , तेश्रो किस्तामा १,१३,६४,६००।०० गरी जम्मा रु ३,३६,५१,६००।०० निकासा दिएको छ। कार्यालयले यसबर्ष बिभिन्न बैंकहरुमा पठाएको रकम मध्ये बैंक स्टेटमेण्ट अनुसार बांकी रहेको रु. ३,२२,४००।०० र गत बर्षको बांकी रहेको सामाजिक सुरक्षा खर्चको रकम रु १,२३,४००।०० गरी जम्मा रु ४,४५,८००।०० बेरुजु खातामा दाखिला गरेको छ।

३१. **पेश्की -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ (३) मा तोकिएको म्यादभित्र यसै नियमावलीको कार्यबिधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिनेदिने दुबै थरीको कर्तब्य हुने उल्लेख छ। समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार नगरपालिकाको यस वर्ष दिएको पेश्की मध्ये देहायका व्यक्ति तथा संस्थाहरुको नाममा रहेको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट भएको देखिएन। नियमानुसार उक्त पेश्की फछ्र्यौट गरिनु पर्ने रु.

३४,३२,०००/-

| ब.उ.शि.नं. | कार्यक्रम | पेश्की लिनेको नाम | बापत | पेश्की रकम रु. |
|---|---|---|---|---|
| ३६५८२१४ | पश्चिम नेपाल ग्रामिण खानेपानी | कोटसाभुङ्ग खानेपानी उपभोक्ता समिति | खानेपानी योजना निर्माण | ३३,८२,०००/- |
| ८०१६९३३ | वित्तिय समानीकरण | रिपु मर्दिनी पेट्रोल स्टेशन | इन्धन | ५०,०००/- |
| | **जम्मा** | | | **३४,३२,०००/-** |

३२. **आन्तरिक आय :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९(५) अनुसार कार्यालयमा प्राप्त रकमको अनिवार्य रुपमा नगदी रसिद काटनु पर्ने व्यवस्था छ । त्यस्तै महालेखा नियन्त्रक कार्यालयले जारी गरेको राजस्व निर्देशिका अनुसार नगदी रसिदहरु रसिद नियन्त्रण खातामा प्रविष्टी गराई कार्यालय प्रमुखबाट निकासा गराई मात्र प्रयोग गर्नु पर्ने व्यवस्था छ । यस वर्ष आन्तरिक आय तर्फ १ करोड असुली गर्ने लक्ष्य रहेकोमा रु.२६,९२,६३३/- मात्र असुली भएको छ । यस गाउँपालिकामा ५ वटा वडाहरु रहेको र ती वडाहरुबाट सिफारिश एवं मालपोत दस्तुर वापत रु.२६,९२,६३३/- राजस्व आम्दानी भएकोमा प्रत्येक वडाहरुबाट के कति आम्दानी हुनु पर्ने हो, कति रसिद ठेली बुझि लगेको हो स्पष्ट हुने गरी आम्दानी तर्फको हिसाब रोखेको पाइएन । प्रत्येक वडाबाट प्राप्त हुन आएको रकमलाई आधार मानी गाउँपालिकाले आम्दानीको हिसाब रोखेको छ । आन्तरिक आय कुन वडाबाट कति प्राप्त हुनु पर्ने हो र कति प्राप्त भयो एकिन हुन सकेन । अतः कार्यालयले रसिद नियन्त्रण खाताको प्रयोग गरी प्रत्येक वडामा दिएको रसिद भिडान गरी आम्दानीको दैनिक पोष्टिङ्ग गर्न लगाई आन्तरिक आयतर्फको हिसाब यथार्थ परक एवं पारदर्शी बनाउनु पर्दछ ।

३३. **जटिल प्रकृतिको काम :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा उपभोक्ता समितिले पाएको काम अन्य व्यवसायीलाई नलगाई आफैं सम्पन्न गर्नुपर्ने व्यवस्था छ । कार्यालयले घिरिङ सुन्धारा विद्युत विकास कार्यको लागि उपभोक्ता समितिको अध्यक्ष श्री होम बहादुर थापालाई साविक विद्युतिकरण कार्यक्रमको भौ.नं. १ मिति २०७४/६/७ मा दुई रनिङ्ग बिलको भुक्तानी वापत रु.२४,२५,०००/- भुक्तानी दिएको छ । निजले भुक्तानी माग गर्दा खनाल कन्स्ट्रक्सनको बिल, कार्य सम्पन्न आदी पेश गरी भुक्तानी लिएको देखिन्छ । यसरी ट्रान्सफरमर जडान गर्ने, विद्युत पोल गाडने जस्ता जटिल प्राविधिक प्रकृतिको कार्य उपभोक्ता समितिबाट गराएको एवं आफूले काम लिई तेश्रो पक्षबाट काम सम्पन्न गराउनु नियमसम्मत देखिएन ।

३४. **लागत अनुमान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(१) मा दररेट विश्लेषण गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न गो.भौ. नं.हरुबाट बिभिन्न उपभोक्ता समितिहरुलाई भुक्तानी भएको बिलमा उल्लेख भएको स्थानीय मेटिरियल प्रयोग गरी सडक ग्राभेल गर्ने कार्य वापत प्रति घ.मि. १८३६/२८ भुक्तानी भएकोमा लागत अनुमान तयार गरी दर विश्लेषण गरेको पाइएन । यसरी दर विश्लेषण नै नगरी लागत अनुमान तयार गरी सम्पन्न गरेको कामको खर्चको पुष्ट्याई पेश हुनु पर्दछ ।

| भौ.नं. र मिति | कामको विवरण | परीमाण | इकाई | रकम रु. |
|---|---|---|---|---|
| २३७/२०७५/३/२२ | डुम्री घाट शिवालय कोरिडोर | ६० | घ.मि. | १,१०,१७६/- |
| २४०/२०७५/३/२२ | चक्रदेवी मोटरमार्ग | २० | घ.मि. | ३६,७२५/- |
| २५१/२०७५/३/२२ | बटौलीटार मोटरमार्ग | ४८.८३ | घ.मि. | ८९,६६५/- |
| **जम्मा** | | | | **२,३६,५६६/-** |

३५. **उपभोक्ता समितिको अंश :** कार्यालयले यस वर्ष उपभोक्ता समितिसँग निर्माण गर्ने सम्झौता गरेका निम्न उपभोक्ता समितिले सम्झौता गरेको वखत तोकिएको आफूले व्यहोर्ने प्रतिशत भन्दा कम मात्र जनसहभागिता रकम व्यहोरेकोले कम व्यहोरेको रकम रु.३३,६८९/- को प्राविधिक नापजाँच प्रतिवेदन पेश हुनु पर्ने रु. ३३,६८९/-

| भौ.नं. र मिति | कामको विवरण | कुल खर्च रकम | व्यहोर्नुपर्ने | भुक्तानी भएको रकम | हुनुपर्ने रकम | फरक रु. |
|---|---|---|---|---|---|---|
| २७३/२०७५/३/२४ | मनकामना मन्दिर निर्माण समिति | १०९९४४ | १३.६५ | ९७००० | ९४९३७ | २०६३ |
| २८३/२०७५/३/२५ | वनडाडा खापा लिफ्टिङ्ग आयोजना | २१३६२५ | १०.१२ | १९४००० | १९२००६ | १९९४ |
| २८३/२०७५/३/२५ | गैरा पधेरा खापायो | २१३६५२ | १०.१३ | १९४००० | १९२००९ | १९९१ |
| २८७/२०७५/३/२५ | धुर्लीछाप आमा समूह | २७२०६१ | ३७.६६ | १९४००० | १६९६०२ | २४३९७ |
| २९१/२०७५/३/२५ | रोहीनि खापायो | ५१००३ | १२.२५ | ४८००० | ४४७५५ | ३२४४ |
| **जम्मा** | | | | | | **३३६८९** |

३६. **खर्च प्रमाण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले भौ.नं. २३८ मिति २०७५/३/२२ बाट कामधेनु कोट घेरावारा उपभोक्ता समितिलाई रु.१४५,५००/- भुक्तानी गरेकोमा उपभोक्ता समितिले फलामे पोल मु.अ.कर विजक अनुसार १८ वटा मात्र पोल उपलब्ध गराएकोमा कार्य सम्पन्न एवं उपभोक्ता समितिको बिलमा ५३ वटा उल्लेख गरी रु.६६,२५०/- खर्च लेखेको पाइयो । यसरी उपलब्ध गराएको परिमाण भन्दा बढी परिमाण लेखांकन गरी बढी खर्च लेखेको रु.४३,७५०/- असुल हुनुपर्ने देखिएको रु. ४३,७५०/-

३७. **नन्फाइलरलाई मू.अ.कर भुक्तानी :** मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १९ मा करदाताले प्रत्येक कर अवधिको कर सो अवधि समाप्त भएको मितिले पच्चिस दिनभित्र बुझाउनु पर्ने व्यवस्था छ । कार्यालयले देहायका निर्माण व्यवसायीलाई मु.अ.कर सहित रु.२,०१,९३७/- बिल भुक्तानी गरेकोमा ती निर्माण व्यवसायीहरुको आन्तरिक राजस्व विभागको वेभ साइटमा (PAN) सर्च गर्दा मासिक कर विवरण समेत नबुझाई नन्फाइलर देखिएकाले त्यस्ता निर्माण व्यवसायीहरुबाट मू.अ.कर समायोजन गरेको प्रमाण लिनुपर्ने रु. २३,२३०/-

| भौ.नं. र मिति | निर्माण व्यवसायी | कामको विवरण | बिल रकम | मू.अ. कर | कैफियत |
|---|---|---|---|---|---|
| १९२/२०७५/३/१० | राम कमल एण्ड सन्स कनस्ट्रक्शन प्रा.लि. | ठाडो गल्ली मोटर बाटो निर्माण | ९०,४९४/- | १०,४१०/- | २०७५ बैशाख देखी नन्फाइलर |
| १९५/२०७५/३/१० | आनन्द हार्डवेयर भिमाद | साघांकोमुख मोटर मार्ग निर्माण | ४४,५४४/- | ५,१२४/- | २०७५ बैशाख देखी नन्फाइलर |
| २०३/२०७५/३/११ | आनन्द हार्डवेयर भिमाद | प्रगतिशील आमा समूहको भबन निर्माण | ६६,८९९/- | ७,६९६/- | २०७५ बैशाख देखी नन्फाइलर |
| **जम्मा** | | | **२,०१,९३७/-** | **२३,२३०/-** | |

३८. **बिल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले गो.भौ.नं. १७५ मिति २०७५।०३।१ बाट मिलन आमा समुहलाई भबन निर्माण कार्यको लागि रु. १,९४,०००/- को बिल भुक्तानी गर्दा लागत अनुमानमा दर विश्लेषण गर्दा प्रयोग भएको मू.अ.कर लाग्ने आइटमको आधारमा रु.२४,४१२/- मू.अ.कर संलग्न भएको देखिन्छ । तर बिल भुक्तानी गर्दा रु.४५,०५०/- को मात्र मू.अ.कर बिल संलग्न भएको देखिन्छ । कर बिजक बेगर भुक्तानी भएको मू.अ.कर रकम रु.१८,५५६/- असुल हुनु पर्ने रु. १८,५५६/-

**समानीकरण चालुतर्फ**

३९. **तलवी प्रतिवेदन पारित नगरेको :** निजामती सेवा ऐन तथा नियमावली अनुसार प्रत्येक बर्ष तलवी प्रतिबेदन पारीत गरेर मात्र कार्यालयका कर्मचारीहरुको तलब खर्च लेख्ने व्यवस्था छ। यस कार्यालयका कार्यकारी अधिकृत (प.प्र.अ.) श्री नरहरि सापकोटा, लेखापाल श्री नेत्र प्रसाद ढकाल र कार्यालय सहायक चतुर्थ श्री हिरामान श्रेष्ठको आ.ब.०७४।०७५ को तलबी प्रतिबेदन पारीत नगरी तलब खर्च लेखिएको छ। तलवी प्रतिबेदन पारित गराएर मात्र कर्मचारीको तलब भत्ता खर्च लेख्नु पर्दछ।

४०. **भाडा कर :** आय कर ऐन, २०५८ को दफा ८८(५) अनुसार भाडा वापत रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १० प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था छ। कार्यालयले देहाय अनुसारको भाडा भुक्तानीमा नियमानुसार लाग्ने भाडा करकट्टी गरेको देखिएन। नियमानुसार लाग्ने भाडा कर सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु. २०,४६६/-

| भौ.नं. र मिति | भुक्तानी लिनेको नाम र कामको विवरण | भाडा भुक्तानी | भाडा कर रु. |
|---|---|---|---|
| ३२/२०७४/९/१८ | नासु ध्रुवराज लामिछाने पेश्की फछ्र्यौट | ४४,६६६/- | ४,४६६/- |
| ३३/२०७४/९/१८ | नासु ध्रुवराज लामिछाने पेश्की फछ्र्यौट | १,६०,०००/- | १६,०००/- |
| **जम्मा** | | **२,०४,६६६/-** | **२०,४६६/-** |

४१. **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७(१) बमोजिम कार्यालयले आफूले खरिद गरि वा नगरी प्राप्त भएको जिन्सी मालसामानको विवरण मूल्य समेत खुलाई जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाँधी श्रेष्ता राख्नु पर्ने व्यवस्था छ। कार्यालयले गो.भौ.नं. १५६ मिति २०७५।०३।१७ बाट मिनरल ब्लक १८७ गोटा प्रति गोटा रु. १६०/- का दरले हुने जम्मा रु २९,९२०/- को खरिद गरेकोमा उक्त सामान जिन्सी दाखिला भएको देखिएन । जिन्सी दाखिला नगरी भुक्तानी भएको रु.२९,९२०/- को दाखिला प्रमाण पेश हुनु पर्ने रु. २९,९२०/-

**पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाई परियोजना (चालु)**

| | | |
|---|---|---|
| ४२. | **वित्तिय विवरणको यथार्थता :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार गाउँपालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गिकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । कार्यालयको आर्थिक विवरण हेर्दा देहाय अनुसारको आर्थिक विवरण र बैंक नगदी किताव भिडेको देखिएन । यसरी श्रेस्तामा भन्दा र आर्थिक विवरण बिच फरक देखिएकोले वित्तीय विवरणले यर्थाथपरक हुने अवस्था नदेखिएकोले छानबिन गरी आर्थिक विवरण र बैंक नगदी किताव बीच खर्चको यकिन हुनु पर्ने रु.<br>**बैंक नगदी किताव अनुसार खर्च** / **आर्थिक विवरणले देखाएको खर्च रु.** / **फरक रु.**<br>१,००,५८,०४६/- / ८६,६४,०००/- / १३,९४,०४६/- | १३,९४,०४६/- |
| ४३. | **पारिश्रमिक कर :** आयकर ऐन, २०५८ को दफा ८७ मा कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा अनुसूची १ अनुसार गणना गरी १५ प्रतिशत देखि ४० प्रतिशत सम्म पारिश्रमिक आयमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ । यस परियोजना तर्फका वास संयोजक सुनिता शर्मा न्यौपानेको तलब भत्ताको वार्षिक आय गणना गर्दा पारिश्रमिक कर १५ प्रतिशत पनि लाग्ने रहेकोमा १ प्रतिशत सा.सु कर मात्र कट्टी भएको देखियो । अत: नपुग कर वापत रु.३,१५०/- असुल गर्नुपर्ने रु. | ३,१५०/- |
| ४४. | **भाडा कर :** आय कर ऐन, २०५८ को दफा ८८(५) अनुसार भाडा वापत रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १० प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले भौ.नं. ४२ मिति २०७५/३/१० बाट पशुपति आचार्यको अवलोकन भ्रमण पेश्की फछ्र्यौट गर्दा ना ७ ख ६०९७ नं. को गाडी भाडामा लिएको भनी रु.२७,०००/- भाडा भुक्तानी गरेकोमा नियमानुसार करकट्टा गरेको देखिएन । नियमानुसार १० प्रतिशत वापतको भाडा असुल हुनुपर्ने रु. | २,७००/- |
| | **सशर्त अनुदान चालु तर्फ :** | |
| | **शिक्षा तर्फ :** | |
| ४५. | विद्यालयहरुले शिक्षक तथा कर्मचारीहरुको तलब भत्ता, आधारभूत तथा एकमुष्ठ अनुदान माग गर्दा विद्यालय अनुदान व्यवस्थापन निर्देशिका, २०७४ बमोजिम माग गर्नुपर्दछ । गाउँपालिकाले शिक्षक कर्मचारीहरुको तलब माग गर्दा निर्देशिकाले तोके बमोजिम नभएर हालसम्म पुरानै ढाँचाको फारम प्रयोग गरेको देखियो भने आधारभूत तथा एकमुष्ठ अनुदानको माग फारम नै संलग्न रहेको देखिएन । अत: गाउँपालिकाले शिक्षक तथा कर्मचारीको तलब भत्ता तथा एकमुष्ठ अनुदान निकासा गर्दा विद्यालयहरुको माग फारम अद्यावधिक भए नभएको मूल्याँकन गरी यस सम्बन्धमा निर्देशन दिनु पर्दछ । | |
| | **स्वास्थ्य तर्फ :** | |
| ४६. | आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ४७(१) अनुसार कार्यालयले खरिद गरी वा कुनै प्रकारबाट प्राप्त हुन आएका जिन्सी सामानहरु आम्दानी बाँधी अद्यावधिक गरी राख्नुपर्दछ । गाउँपालिकाले यस आ.व.मा सशर्त अनुदान स्वास्थ्य तर्फबाट भौचर नं. १४ मिति २०७४।१०।१४ बाट रु.२,७९,९४०/- , वित्तीय समानीकरण पुँजीगत तर्फबाट भौचर नं.१०५ मिति २०७५।२।१ बाट रु २,४८,९६४/- को गरी जम्मा रु.५,२८,९०४/- को औषधि खरिद गरेकोमा देखिएको व्यहोरा यस प्रकार रहेको छ ।<br>• औषधि खरिद गर्दा खरिद सम्झौतामा औषधिको म्याद तोकी सो अनुसारको औषधि खरिद भए नभएको जाँच गरी दाखिला गर्नुपर्दछ । गाउँपालिकाले माथि उल्लेखित भौचरबाट गरेको खरिदमा चिराग फार्मेसी सँग गरेको सम्झौतामा उल्लेख भए अनुसार काम भएको देखिएन ।<br>• गाउँपालिकाले पेश गरेको औषधिको आय व्यय विवराणको आय तर्फ २०६३४० इकाइ औषधि देखिएकोमा गत वर्षको मौज्दात औषधि यकिन गरी आय व्यय विवरणमा खुलाउनुपर्ने<br>• आय व्यय विवरणको बाँकी मौज्दात जम्मा १२६०० इकाइ औषधिलाइ अर्को वर्ष आम्दानी बाँध्नु पर्ने ।<br>• औषधिको आय विवरणमा औषधिको इकाइ र मूल्य दुवैमा स्पष्ट खुल्ने गरी राख्नुपर्ने ।<br>• औषधिको जिन्सी खातामा औषधिको गत वर्षको अ.ल्या, यस वर्षको आम्दानी, खर्च तथा बाँकी मौज्दात अर्को वर्षमा अ. ल्या गरी अद्यावधिक गर्नुपर्नेमा सो नगरेको देखियो । | |

<table>
<tr><td>४७.</td><td>खरिद योजना : कार्यालयले खरिद कार्य गर्दा वार्षिक योजना बनाइ गर्नुपर्दछ । गाउँपालिकाले यस वर्ष भौचर नं.२० मिति २०७४।११।८ मा जम्मा १५९ सेट न्यानो झोला रु.१४२४७८।३१ को खरिद गरेकोमा यस आ.व.मा २४ सेट मात्र न्यानो झोला खपत भएको देखियो । यसरी बाँकी रहेको न्यानो झोला भण्डारणको क्रममा फोहोर हुने , च्यातिने तथा गुणस्तरमा ह्रास हुने सम्भावना हुन्छ । अतः न्यानो झोला खरिद गर्दा यस गाउँपालिका अन्तर्गतको महिला जनसंख्याको आधारमा यथार्थपरक रुपमा खरिद गरी अनावश्यक मौज्दात हुन नदिने व्यवस्था गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>गरीब सँग विश्वेश्वर कार्यक्रम तर्फ :</td><td></td></tr>
<tr><td>४८.</td><td>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम(३) मा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । गाउंपालिकाले भौचर नं.७ मिति २०७५।२।२४ मा सा.प.विमला श्रेष्ठको पेश्की फछ्यौट रु.२६०००० मा रु.३१३०।० को विल भरपाई पुगेको देखिएन । अतः नपुग बिल भरपाइ बमोजिमको रकम असुल गर्नुपर्ने रु.</td><td>३,१३०/-</td></tr>
<tr><td>४९.</td><td>आर्थिक सहायता : आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ४१ (१)मा आर्थिक सहायता दिंदा अर्थमन्त्रालयको सिफारिसमा नेपाल सरकारले दिने वा नदिने निर्णय गर्न सक्ने व्यवस्था छ भने नियम ४१( १क देखि घ) सम्म नेपाल सरकार वा सम्बन्धित मन्त्रालय को अनुमतिमा यस नियमानुसार तोकिएको काम , प्रक्रिया वा संघ संस्थालाइ आर्थिक सहायता दिने व्यवस्था रहेको छ । यस नियमावलीको नियम ४३ मा कुनै अधिकार प्राप्त अधिकारीले आफूलाई वा कुनै खास व्यक्ति वा वर्गलाई फाइदा हुने गरी सरकारी धन खर्च गर्न वा सरकारी मालसामान दिने गरी निकासा दिन नहुने व्यवस्था रहेको छ । गाँउपालिकाले वडा अध्यक्ष वा गाउँपालिका अध्यक्ष को सिफासिश मा विभिन्न राजनितिक पार्टी , संघ, मञ्च, समूहलाई शुभकामना आदान प्रदान, तीज महोत्सव जस्तै पर्व विशेषका लागि आयोजन हुने सांस्कृतिक तथा अन्य कार्यक्रम का लागि आर्थिक सहायता दिएको देखियो । यसरी राज्यको सिमित स्रोत साधन अनुत्पादक क्षेत्रमा खर्च भएको देखिँदा यस सम्बन्धमा सम्बन्धित अधिकारीहरुले ध्यान दिनु आवश्यक देखिन्छ ।</td><td></td></tr>
<tr><td>५०.</td><td>वित्तिय जवाफदेहिता : कार्यालयको लेखापरीक्षणको कममा कार्यसम्पादनको व्यवस्थापकीय पक्ष, बित्तीय व्यवस्थापन पक्ष, सेवा प्रवाह र खरिद व्यवस्थापन र बिकास निर्माण गरी ४ मुल विषयमा केन्द्रित रही २० वटा सूचक प्रयोग गरी कार्यालयको बित्तीय जवाफदेहिताको स्तर मुल्याँकन गरिएको छ । सो मुल्याङ्कनमा यस कार्यालयलाई ८६ प्रतिशत अंकका साथ (ए) ग्रेडमा ग्रेडिङ्ग गरीएको छ। आगामी वर्ष कमजोरी औंल्याइएका विषयमा सुधार गरी यसमा अभिबृद्धि गर्ने तर्फ कार्यालय कृयाशील हुनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५१.</td><td>बेरुजू : गाउंपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.९२ हजार, अनियमित बेरुजू रु. ३५ लाख १२ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु.१९ लाख ६५ हजार र पेश्की बाँकी देखिएको रु.३४ लाख ३२ हजार समेत रु. ९० लाख १ हजार बेरुजू कायम भएको छ । कार्यालयबाट प्राप्त प्रतिक्रियाबाट कुनै बेरुजु फछ्यौंट भएको छैन ।</td><td></td></tr>
<tr><td>५२.</td><td>अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्योट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। गत वर्षको बेरुजू एवं फछ्यौंट स्थिति निम्नानुसार देखिएको छ :
<table>
<tr><th>गत वर्षको बेरुजू रकम (A)</th><th>यो वर्ष फछ्यौंट (B)</th><th>बाँकी (C= A-B)</th></tr>
<tr><td>३१,००,०००/-</td><td>३५,१६१/२५</td><td>३०,६४,८३८/७५</td></tr>
</table></td><td></td></tr>
<tr><td>५३.</td><td>अद्यावधिक बेरुजू स्थिति : घिरिङ गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्यौंट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ :
<table>
<tr><th>गत वर्षसम्मको फछ्यौंट गर्न बाँकी (C)</th><th>यो वर्षको सं प.बाट कायम बेरुजू (D)</th><th>यो वर्षको कायम बेरुजू (E)</th><th>बाँकी (F=C+D+E)</th></tr>
<tr><td>३०,६४,८३८/७५</td><td>-</td><td>९०,००,६४०/-</td><td>१,२०,६५,४७८/७५</td></tr>
</table></td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| ५४. | **सम्परीक्षण एवं वेरुजु लगत :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९ मा महालेखा परीक्षकको कार्यालयबाट लेखा परीक्षण हुंदा औंल्याइएका बेरुजुका सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको ३५ दिन भित्र सम्वन्धित कार्यालयले तोकिए बमोजिम फछ्र्यौट गरी सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा रु.३५,१६१/२५ बेरुजु फछ्र्यौट गरी संपरीक्षणका लागि पेश भएकोमा देहाय अनुसार उक्त बेरुजु संपरीक्षण गरिएको छ। बाँकी बेरुजु फछ्र्यौट गर्नेतर्फ कार्यालयबाट आवश्यक पहल हुनुपर्दछ। | |

| दफा नं. | बेरुजुको व्यहोरा | फछ्र्यौट रकम रु. | फछ्र्यौटको व्यहोरा |
|---|---|---|---|
| २.२ | अग्रिम कर असुल हुनुपर्ने | १०,२६१/२५ | असुल गरी दाखिला भएको |
| ३.२ | अग्रिम कर असुल हुनपर्ने | १२,९००/- | असुल गरी दाखिला भएको |
| ४.३ | अग्रिम कर असुल हुनुपर्ने | १२,०००/- | असुल गरी दाखिला भएको |
| **जम्मा** | | **३५,१६१/२५** | |

अनुसूची– १

# घिरिङ गाउँपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

**२०७४।७५**

(रु.हजारमा)

| जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्योट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | |
| | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा |
| तनहुँ | घिरिङ गा.पा. | ४१ | १२ | ९००१ | ० | ० | ० | ४१ | १२ | ९००१ | ९२ | ३५१२ | १९६५ | ० | ० | ५५६९ |

अनुसूची- २

# स्थानीय तह सञ्चित कोष विवरण

**२०७४।७५**

(रु.हजारमा)

| स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | | |
|---|---|---|---|---|---|---|---|---|
| | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत |
| | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ |
| घिरिङ गा.पा. | तनहुँ | १७८८९ | १५४६९९ | १४०८६० | ४३५१ | २९९९१० | १३४०६२ | ९८४[illegible] |